राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

प्रतिदिन १७ औं वार्षिकोत्सव





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१७ ।। अङ्क : २५० ॥ २०८२ कातिक २४ गते सोमबार (10th Nov 2025 Monday) | **Pratidin** National Daily | मूल्य-रु.५/-


## जेनजी आन्दोलनमा विध्वंस

# प्रमाण जुटाउँदै, पक्राउ गर्दै

झापा(प्रस) । जेनजी आन्दोलनका क्रममा तोडफोड र आगजनीमा संलग्न व्यक्तिहरुलाई पक्राउ गर्न प्रहरी सक्रिय भएर लागेको छ । आन्दोलनका बेला भएको तोडफोड , आगजनी , लुटपाट , कुटपिटको प्रमाण जुटाएर प्रहरीले धमाधम पक्राउ गर्न थालेको हो। इलाका प्रहरी कार्यालय बिर्तामोड र दमकमा आक्रमण गर्ने १० जनालाई प्रहरीले पक्राउ गरिसकेको छ ।

जेनजी आन्दोलनका क्रममा इलाका प्रहरी कार्यालय बिर्तामोडमा आक्रमण गर्ने ६जना पक्राउ परेका छन् । प्रहरी कार्यालयमा ढुंगामुढा गर्ने , आगजनी गर्ने , सुनुवारको निजी मोटरसाइकल तोडफोड गरेका थिए ।

यसअघि शुक्रवार दिउँसो २ बजे बिर्तामोड ५ त्रिवेणी चोकबाट अर्जुनधारा ६ बस्ने २२ वर्षीय पदम राई र उनकी श्रीमती २४ वर्षीया पुजा मगरलाई प्रहरीले पक्राउ गरेको थियो । भदौ २४ गतेको जेनजी आन्दोलनको क्रममा इप्रका बिर्तामोडको कार्यालय तोडफोड तथा आगजनीमा संलग्न ती दम्पतीलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । त्यस्तै प्रहरीलाई कुटपिट गर्ने अर्का एकजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा बिर्तामोड वडा न.५ इप्रका बिर्तामोडमा ल्याई ज्यान मार्ने उद्योग कसुरमा दर्ता गरी जिल्ला अदालत झापाबाट ७ दिन म्याद थप गरी अनुसन्धान भइरहेको छ ।

त्यस्तै इलाका प्रहरी कार्यालय दमकमा आक्रमण गर्ने चारजना पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय दमकमा तोडफोड, आगजनी र लुटपाटमा संलग्न २१ वर्षीय साजन लुहागुनमाथि आपराधिक उपद्रव कसुरमा अनुसन्धान थालिएको छ । आइतवार जिल्ला अदालत झापाबाट आपराधिक उपद्रव कसुरमा ५ दिन म्याद लिइ अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । पाँचथर मिक्लाजुङ वडा नं. ५ स्थायी ठेगाना भई हाल दमक नगरपालिका वडा नं. १ बस्ने लुहागुनलाई हिजो दिउँसो २ बजे दमक वडा नं. ५ बाट पक्राउ गरिएको थियो । भदौ २४ गते जेनजी आन्दोलनको क्रममा इलाका प्रहरी कार्यालय दमकको कार्यालयमा तोडफोड,आगजनी, लुटपाट गर्ने कार्यमा उनको संलग्नता रहेको पाइएको छ । उनले आफ्नो टिकटकमा इलाका प्रहरी कार्यालयमा आगो लगाउँदै गरेको, गोली बोकेको भिडियो तथा फोटोहरु हालेका थिए । त्यसकै आधारमा उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । अहिलेसम्म १० जनालाई पक्राउ गरिएको र अन्यको पहिचान गर्ने कार्य भइरहेको जनाइएको छ । प्रहरी कार्यालयहरुमा आक्रमण गर्नेहरुको भिडियो र फोटोको आधारमा पहिचान गर्ने कार्य भइरहेको प्रहरी स्रोतले जनाएको छ । जेनजी आन्दोलनका क्रममा सार्वजनिक तथा निजी सम्पत्तिमाथि तोडफोड र आगजनी गर्नेहरुमाथि पचासभन्दा बढी उजुरी परेको छ । ती उजुरीमाथि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।



प्रहरीलाई कुट्ने ६ जनालाई पक्राउ गरिएको हो ।

जेनजी आन्दोलनका क्रममा इलाका प्रहरी कार्यालय बिर्तामोडमा आक्रमण गर्ने थप दुई युवा पक्राउ परेका हुन् । शनिवार साँझ बिर्तामोड- ५शनिश्चरे रोडबाट बिर्तामोड- ५बस्ने २० वर्षीय राजन चौधरी र सोही ठाउँ बस्ने १६ वर्षीय आयुष धिमाललाई प्रहरीले पक्राउ गरेको हो । उनीहरुले जेनजी आन्दोलनका बेला इलाका प्रहरी कार्यालय बिर्तामोडमा कार्यरत प्रहरी हवल्दार मिनबहादुर बस्ने वर्ष २६ का नवराज राई रहेका छन् । उनलाई कात्तिक २० गते साँझ ६ बजे खोजतलासको क्रममा भक्तपुर प्रहरी परिसरबाट खटिएको प्रहरी टोलीले भक्तपुर एरियाबाट पक्राउ गर्न सफल भएको हो । भदौ २४ गते जेनजी आन्दोलनको क्रममा इप्रका बिर्तामोडमा आक्रमण गरि राईले झापामा कार्यरत प्रहरी हवल्दार बिजय खड्कालाई कुटपिट गरी गम्भीर घाइते बनाइ फरार भएका थिए । राईलाई आवश्यक अनुसन्धानको लागि शुक्रवार

## चन्द्रगढी सामुदायिक वनको अध्यक्षमा खतिवडा निर्वाचित

भद्रपुर(प्रस) । चन्द्रगढी सामुदायिक वन उपभोक्ता समूहको निर्वाचनमा ७०६ मतसहित अनुज खतिवडा अध्यक्षमा निर्वाचित भएका छन् ।
पाँच वर्षे कार्यकालका लागि भएको निर्वाचनमा निकटतम् प्रतिष्पर्धी चुडामणि मैनालीलाई ३८४ मतमा सीमित पार्दै खतिवडाले अध्यक्ष पदमा जित हात पारेका हुन् ।
१९९५ जना मतदाता रहेको समूहको सम्पन्न निर्वाचनमा १८५७ मतदाताले मतदान गरेका थिए । अध्यक्षमा विजयी खतिवडा नेकपा एमालेको समर्थनमा



प्रतिष्पर्धामा थिए भने निकट प्रतिष्पर्धी मैनाली राष्ट्रिय स्वतन्त्र पार्टीबाट मैदानमा उत्रिएका थिए ।
अन्य अध्यक्षका प्रतिष्पर्धीहरूमा जेनजी युवाको समर्थन पाएका राजु वरालले २९९, काँग्रेसबाट विद्रोह गरेर स्वतन्त्र उम्मेदवार रहेका रमेशकुमार न्यौपानेले २५५ र एमालेबाट विद्रोहमा उत्रिएका पुण्यप्रसाद पोखरेलले ४७ मतमा रोकिनु परेको छ ।
यसैगरी उपाध्यक्षमा श्रीमन नारायण पौडेल ४७५ मतका साथ विजयी भए भने निकट प्रतिष्पर्धी इश्वरीप्रसाद रिजालले ४३७ मत ल्याए ।सचिवमा कमला शिवाकोटी ४९२ मतका साथ विजयी हुँदा निकटतम प्रतिष्पर्धी रूषा पोखरेल ३२५ मतमा रोकिएकी छिन् ।
त्यसैगरी सहसचिवमा बालकुमार राई ६१५ मतका साथ विजयी हुँदा युवराज ढकालले ४४९ मत ल्याएका छन् भने कोषाध्यक्षमा ४५५ मतका साथ मञ्जु खतिवडा अधिकारी निर्वाचित हुँदा मिरादेवी सञ्जेल अधिकारीले ४४३ मत पाएकी छन् ।
त्यस्तै खुल्ला महिला सदस्यमा कल्पना दाहाल खतिवडा ७४७ र नुतन ढकाल ७३६ मतका साथ विजयी भएका छन् ।

६ वटा क्षेत्र रहेको समूहमा क्षेत्र नं २ को संयोजकमा एकराज भुजेल, सहसंयोजकमा चित्रकला गिरी, क्षेत्र नं ३ को संयोजकमा सूर्यबहादुर अधिकारी , सहसंयोजक सञ्जु चम्लागाई, क्षेत्र नं ४ को संयोजकमा रसत राजवंशी ,सहसंयोजक सरिता राजवंशी, क्षेत्र नं ५ को संयोजकमा तोयानाथ बास्तोला , सहसंयोजकमा निर्मला पोखरेल तथा क्षेत्र नं ६ को संयोजकमा केदारबहादुर अधिकारी र सहसंयोजकमा गीताकुमारी निरौला कोइराला निर्वाचित भएका छन् ।
९ नम्वर क्षेत्रमा संयोजक भिमबहादुर खवास र सहसंयोजकमा इन्दिरा शाही विजयी भएको निर्वाचन समितिले जानकारी दिएको छ । निर्वाचनको अन्तिम मतपरिणाम अनुसार नेकपा एमाले बहुमतमा देखिएको छ भने राष्ट्रिय स्वतन्त्र पार्टी र नेपाली काँग्रेसको पनि प्रतिनिधित्व रहन पुगेको छ ।

झापाको सदरमुकाम भद्रपुर नगरपालिकाको वडा नं. ९ र १० मा अवस्थित २३८३ घरधुरी र ४३०.५९ हेक्टरमा फैलिएको यो वन २६ वर्ष अगाडि समूहको स्वामित्वमा आएको हो । यो वन चारआली निचाझोडा जंगल अन्तर्गत रहेको छ ।
यसैबीच चन्द्रगढी सामुदायिक वन उपभोक्ता समूहको नवनिर्वाचित कार्यसमितिले पदभार ग्रहण गरेको छ । शनिवार सम्पन्न निर्वाचनबाट निर्वाचित पदाधिकारी-सदस्यहरुले आइतवारदेखि नै पदभार सम्हालेका हुन् ।
नवनिर्वाचित कार्यसमितिका लागि वन परिसरमा आयोजित सपथ ग्रहण तथा पद हस्तान्तरण समारोहमा अध्यक्ष दुर्गाप्रसाद भट्टराईले नवनिर्वाचित अध्यक्ष खतिवडालाई समितिको माइन्युट बुक र अन्य दस्तावेज प्रदान गर्दै जिम्मेवारी हस्तान्तरण गरे ।
निर्वाचन समितिका संयोजक दामोदर घिमिरेको अध्यक्षतामा आयोजित समारोहमा नवनिर्वाचित अध्यक्ष खतिवडालाई संयोजक घिमिरे र अन्य पदाधिकारी-सदस्यलाई अध्यक्ष खतिवडाले सपथ गराएपछि पद हस्तान्तरण गरिएको थियो ।

निर्वाचन समितिका सदस्य मनकुमार डाँगीले सञ्चालन गरेको समारोहमा नवनिर्वाचित अध्यक्ष खतिवडाले प्रतिबद्धता मन्तव्यसहित आगामी योजनाहरु प्रस्तुत गरेका थिए भने निवर्तमान अध्यक्ष भट्टराईले विदाइ मन्तव्यसहित काफ्नो कार्यकाललाई उपलब्धिमूलक बनाउन साथ-सहयोग गर्ने एवम् शान्तिपूर्ण र मर्यादित ढंगले निर्वाचन सम्पन्न गराउन प्रत्यक्ष-परोक्ष योगदान पुर्‍याउने सबैप्रति धन्यवाद व्यक्त गरे ।

## मनकामना अस्पताललाई बन्द गर्न मेचीनगरको पत्राचार

मेचीनगर(प्रस) ।: झापाको मेचीनगर-१३ चारआलीमा सञ्चालित मनकामना अस्पताल प्रालिलाई अस्पतालका सवै सेवा बन्द गर्न मेचीनगर नगरपालिकाले जानकारी गराएको छ । पटक पटक विभिन्न विवादमा फस्दैं आएको उक्त अस्पताल अबैध रुपमा सञ्चालन रहेको भन्दै समाचार बाहिरिएपछि नगरपालिकाले असोज २० गते च.न. १४८ अनुसार अस्पताललाई नियम अनुसार सञ्चालन स्वीकृत सम्बन्धी आवश्यक कागजातसहित मेचीनगर नगरपालिकाको कार्यालयमा उपस्थित हुन परिपत्र गरेको थियो ।
अस्पताल सञ्चालकले परिपत्रको वेवास्ता गर्दैं हालसम्म पनि मापदण्ड बमोजिम दर्ता प्रक्रियामा नआएको , कुनै पनि स्वास्थ्य संस्था नियम अनुसार दर्ता नवीकरण नगरी सेवा सञ्चालन गर्नु गैरकानूनी भएको हुँदा सो प्रक्रिया पुरा नगरेसम्म अस्पतालका




सम्पूर्ण सेवा बन्द गर्न जानकारी गराइएको मेचीनगरका प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारीले जानकारी दिए । कात्तिक ३० गते अस्पतालका नाममा पत्राचार गर्दैं नगरपालिकाले सेवा बन्द गर्न भनेको छ ।
अस्पताललाई गराइएको जानकारी पत्रको अवगार्थ मेचीनगर नगरपालिकाका नगर प्रमुख उपप्रमुख तथा बोधार्थ जिल्ला प्रशासन कार्यालय झापा, स्वास्थ्य कार्यालय झापा इलाका प्रहरी कार्यालय धुलावारी र मेचीनगर नगरपालिका १३ नम्बर वडा कार्यालयलाई दिइएको छ ।

अस्पतालका सञ्चालक डाक्टर दिलिपकुमार यादवले अस्पताल सञ्चालनका लागि स्वास्थ्य कार्यालय झापामा दर्ता गरेका थिए । दर्ता गरेको एक वर्षपछि रिपोर्टसहित नवीकरण गर्नुपर्ने नियम छ। त्यसमा पनि स्थानीय तहमा दर्ता तथा वार्षिक नविकरण समेत हुनुपर्ने आधार भूत अस्पताल सञ्चालन मापदण्ड २०८१ मा उल्लेख छ । तर, अस्पताल सञ्चालन मापदण्डलाई उल्लंघन गर्दै स्थानीय तह मेचीनगरको स्वास्थ्य शाखामा समेत दर्ता नगरी सञ्चालन गर्दै आएको स्वास्थ्य शाखाले जनाएको छ । समाचार स्रेतका अनुसार दर्तापछि पाँच वर्षयता नवीकरण गर्न नआएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ ।
स्वास्थ्य सेवासँग सम्बन्धित अस्पताल दर्ता र नवीकरण नै नगरी सञ्चालन गरेको पुष्टी भएमा दर्ता खारेजीसहित जरिवानासम्मको कारवाही हुने स्वास्थ्य कार्यालयले जनाएको छ ।
डाक्टर यादव चारआलीस्थित आशावादी बहुउद्देश्यीय सहकारी संस्था लि.का उपाध्यक्ष र ऋण समितिका सदस्य पनि हुन् ।

## भ्रष्टाचारीमाथि कारबाही गर्न माग

झापा(प्रस) । मिशन बिर्तामोडले भ्रष्टाचारको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्न र शून्य सहनशीलता नीति लागू गर्न सरकारसँग आग्रह गरेको छ।
आइतवार बिर्तामोडमा आयोजित पत्रकार सम्मेलनमार्फत मिशन बिर्तामोडले पाँचबुँदे माग सार्वजनिक गर्दै सरकारले पारदर्शिता, जवाफदेहिता, र युवाको सक्रिय सहभागिता सुनिश्चित गर्नुपर्नेमा जोड दिएको छ। त्यसैगरी, आन्दोलनको क्रममा ज्यान गुमाएका सहिदहरूप्रति सम्मान, घाइते र पीडितहरूप्रति राहत व्यवस्थापन, आगामी निर्वाचन स्वतन्त्र, निष्पक्ष र पारदर्शी ढंगले सम्पन्न गरिनु, र सञ्चारक्षेत्रमा कुनै हस्तक्षेप नगरी स्वतन्त्र तथा तथ्यमा आधारित पत्रकारिता कायम गर्नु पर्ने माग पनि अगाडि सारेको छ।
मिशन बिर्तामोडका संयोजक माधव झाले नेपालमा पछिल्लो समय भएका सामाजिक र राजनीतिक परिवर्तनलाई मध्यनजर गर्दै आफ्ना धारणा सार्वजनिक गरेका हुन्। उनले भने, “पछिल्लो समय सामाजिक तथा राजनीतिक रुपमा नेपालमा ऐतिहासिक परिवर्तन भएका छन्। राजधानी केन्द्रित आन्दोलन, भ्रष्टाचार विरोधी जनआन्दोलन, र त्यसपछि भएको राजनीतिक संक्रमणमा नयाँ अन्तरिम सरकारको गठन एवं संविधानको धारा ६१ उपधारा (४) अनुसार सुशीला कार्कीलाई पहिलो महिला प्रधानमन्त्रीको रूपमा नियुक्त गरिएको उल्लेखनीय छ।”

## खोरेत विरुद्धको खोप अभियान मेचीनगरबाट शुरु

मेचीनगर(प्रस) । कोशी प्रदेशमा पहिलो चरणको खोरेत रोग विरुद्धको खोप अभियान झापाको मेचीनगरबाट शुरु भएको छ । मेचीनगर नगरपालिका क्षेत्रभित्र आइतबारदेखि गाई-भैसीलाई खोरेत रोग विरूद्धको खोप लगाउन शुरु गरिएको हो । राष्ट्रिय पशुपन्छी खोप कार्यक्रमअन्तर्गत कोशी प्रदेशका १४ वटा जिल्लामध्ये पहिलो चरणको खोरेत रोग विरूद्धको खोप अभियान झापाको मेचीनगरमा शुरु भएको नगरपालिकाको पशु शाखाले जनाएको छ।
कोशी प्रदेश पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयकी पशु चिकित्सक पवित्रा दाहालले नगरका १५ वटै वडामा खटिएका भ्याक्सिनेटरहरूलाई राम्रो सहज भएर काम गर्न आग्रह गरेकी छन् ।
नगरपालिकाका पशु सेवा शाखाको सिफारिसमा भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र झापाबाट नियुक्त भइ खटिएका भ्याक्सिनेटरहरूलाई सहयोग, सहजीकरण, अनुगमन र व्यवस्थापन गर्न प्रत्येक वडामा पुग्न टोल, समूह र फोकल पर्सन समेत तयारी गरिएको छ ।



नगरपालिकाका पशुसेवा शाखाका पशु प्राविधिक बिक्रम गुरूङका अनुसार नौ वटा टोली चार वटा समूह, खोप कार्यक्रम रेखदेख, अनुगमनका लागि वडा नम्बर १, २, ३ र ४ मा वडा प्राविधिक मदनकुमार भण्डारी, वडा नम्बर ५, ६ र ७ मा वडा प्राविधिक रञ्जु खड्का, वडा नम्बर ९, १० र ११ मा वडा प्राविधिक कञ्चन दाहाल, वडा नम्बर १२, १३, १४ र १५ मा वडा प्राविधिक रेशबहादुर तामाङलाई जिम्मेवारी तोकिएको छ ।
यस्तै सम्पूर्ण वडाको खोप वितरण, रेखदेख, तथा खोप फोकल व्यक्ति पशु प्राविधिक छत्रबहादुर राईलाई तोकिएको उनको भनाई छ । इलाम जिल्लालाई खोरेत खोप मुक्त घोषणा गर्ने लक्ष्य अनुरूप छिमेकी जिल्लाहरूलाई बफर जोनअन्तर्गत झापामा पनि यो अभियान शुरु गरिएको नगरपालिकाका आर्थिक विकास शाखा प्रमुख दिपेन्द्र कार्कीले जानकारी दिए ।
उनका अनुसार कोशी सरकारले इलामलाई खोरेत मुक्त जिल्ला बनाएर त्यहाँका उत्पादनलाई अन्तर्राष्ट्रिय व्यापार बढाउने उद्धेश्य रहेको छ । ६/६ महिनामा गाई-भैसीलाई लगाउने उक्त खोप अर्को ६ महिनामा बुस्टर खोप लगाइने बताइएको छ । त्यसपछि बाख्रा, कुखुरा, बंगुर लगायतका पशुपन्छीलाई अन्य खोप पनि लगाइने गुरूङले बताए ।
खोरेत रोगमा पशुसँग प्रत्यक्ष सम्पर्क र पशुजन्य पदार्थहरु दूध र मासु सेवन गर्दा वा अन्य कुनै माध्यमवाट मानिसमा सर्ने र मानिसबाट पशुमा सर्न सक्ने ‘जुनोटिक’ रोग नभएको बताउँदैं पशु चिकित्सक रामानन्द मण्डलले यसैले मानव स्वास्थ्यको

❖ बाँकी पृष्ठ ४ मा


हार्दिक बधाई तथा शुभकामना



नेपाल शैक्षिक परामर्श संघ (ECAN)को चौथो अधिवेशनबाट हाम्रा अनन्य मित्र राजकुमार कार्की (राज) गरिमामय अध्यक्ष पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।
साथै उहाँसहित (ECAN) झापाको कार्य समितिमा निर्वाचित हुनु हुने उपाध्यक्ष अशोक भण्डारी, सचिव विशाल सिटौला, कोषाध्यक्ष तुलसी पाठक, सदस्य सरोज खरेल, नवीन बोहोरा, मोहन पराजुली, निशा दुलाल लगायत सम्पूर्ण निर्वाचित कार्यसमितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको निमित्त शुभकामना व्यक्त गर्दछौं ।

नागरिक स्वास्थ्य सहकारी संस्था लिमिटेड परिवार
बिर्तामोड-४,झापा

# वार्षिक दुई हजार नेपालीको जलेर मृत्यु

झापा(प्रस) । नेपालमा जलनसम्बन्धी स्वास्थ्य समस्या बढ्दै जान थालेको छ। नेपाल जलन फाउन्डेशनका अनुसार साना ठूला प्रकृतिका गरेर नेपालमा वार्षिक ५० हजार मानिसले जलनसम्बन्धी स्वास्थ्य समस्या भोगिरहेका छन्।
यसमध्ये १५ सयदेखि दुई हजार हाराहारीमा जलनका विरामीले समयमै प्रभावकारी उपचार नपाएर ज्यान गुमाउने गरेका छन्। नेपालमा जलनको उपचार तथा रोकथाममा सक्रिय रहँदै आएका राष्ट्रिय ट्रमा सेन्टरका वरिष्ठ प्लास्टिक सर्जन प्राडा पीयूष दाहाल विभिन्न प्रकारको जलनको समस्यामा परेर घाइते भए पनि समयमै उपचार पुऱ्याएर प्रभावकारी उपचार गर्न सके जलनबाट हुने मृत्युलाई कम गर्न सकिने भए पनि सबै ठाउँमा जलनको उपचार गर्ने खालको विशिष्टीकृत स्वास्थ्य संस्था नहुँदा समस्या भएको बताउँछन्। प्रा.डा. दाहालले भने□ 'जलनका विरामीको उपचार गर्ने विशिष्टीकृत स्वास्थ्य संस्थाहरू उपत्यका बाहिर नहुँदा र समयमै उपचार गरे पूर्ण सन्चो बनाउन सकिने विरामीहरूले पनि ज्यान गुमाउनु परेको छ।'

हाल उपत्यकामा पनि सरकारले उपत्यकामा त्रिवि शिक्षण, कीर्तिपुर अस्पताल, पाटन र वीर अस्पताल गरी चारवटा अस्पताललाई डेडिकेटेड जलनको उपचार केन्द्रका रूपमा तोकिएको छ। यसमध्ये सबैभन्दा प्रभावकारी रूपमा जलनका विरामीहरूको प्रभावकारी उपचार हुने भनेको कीर्तिपुर अस्पताल हो।

सरकारले सातै प्रदेशमा उपचार खर्च व्यहोर्न नसक्ने नागरिकलाई जलनको उपचार निःशुल्क गर्ने गरी गत वर्ष नै निर्णय गरे पनि हालसम्म सो निर्णयानुसारको काम हुन सकेको छैन।

सरकारले सातै प्रदेशमा जलन पीडितको निःशुल्क उपचार गर्ने घोषणा गरे पनि जलनको उपचारमा आवश्यक पर्ने प्लास्टिक सर्जन र उपचार सामग्रीको अभावले देशभरका जलन पीडित काठमाडौँ केन्द्रित हुँदा सरकारले निःशुल्क गर्ने घोषणा गरे पनि कार्यान्वयनमा समस्या भएको प्राडा दाहालको भनाइ छ। 'सरकारले जलनको उपचार उपत्यका बाहिर पनि विस्तार गर्ने निर्णय गरे पनि जनशक्ति र उपकरणलाई व्यवस्थित नगर्दा अझै पनि विरामीहरू काठमाडौं धाउनुपर्ने बाध्यता छ । यसले गर्दा विरामीले समयमै जलनको प्रभावकारी



उपचार हुने ठाउँसम्म आउन ढिलो हुने हुँदा विरामीको ज्यान गइरहेको छ'□ प्राडा दाहालले भने।

त्यसका अलावा सानो बच्चामा जलन १० प्रतिशतभन्दा बढी र ठूलो मानिसमा १५ प्रतिशतभन्दा बढी जलन भएमा श्वासप्रश्वास, मुटुका, कलेजो र स्नायुको जस्ता दीर्घ स्वास्थ्य समस्या निम्तने गर्छ। यसले गर्दा जलनका बिरामीलाई सबै खालका स्वास्थ्य सेवा हुने विशिष्टीकृत स्वास्थ्य संस्था आवश्यक पर्छ।

उपत्यका बाहिर जलन उपचार केन्द्र उपलब्ध नहुँदा जलन पीडित काठमाडौँ केन्द्रित हुनु परेको कीर्तिपुर अस्पतालका वरिष्ठ प्लास्टिक सर्जन प्रा.डा.शंकरमान राईको भनाइ छ।
'विभिन्न प्रकारका जलनमा परेर घाइते भएकाहरूलाई समयमै अस्पतालमा पुऱ्याएर प्रभावकारी उपचार गराउन सकियो भने बचाउन सकिन्छ तर नेपालमा थोरै मात्र जलन उपचार केन्द्र हुनु र भएका उपचार केन्द्र पनि काठमाडौँ हुँदा उपचार गरेर बचाउन सकिने विरामीहरूले पनि ज्यान गुमाउनुपरेको छ'□ कीर्तिपुर अस्पतालका प्लास्टिक सर्जन प्राडा राईले भने।

यसअघि गतवर्ष कार्तिकमा स्वास्थ्य मन्त्रालयको सिफारिसमा सरकारले सातै प्रदेशमा जलनको उपचार निःशुल्क गर्ने मन्त्रिपरिषद्को निर्णय गरेको थियो। धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, मधेशमा वीरगञ्जस्थित नारायणी अस्पताल, बागमतीमा कीर्तिपुर अस्पताल र गण्डकीमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, लुम्बिनीमा नेपालगञ्जस्थित भेरी अस्पताल, कर्णालीमा कर्णाली अस्पताल र सुदूरपश्चिममा सेती प्रादेशिक अस्पतालमा उपचार खर्च व्यहोर्न नसक्ने नागरिकलाई कस्मेटिकबाहेकको जलन उपचार व्यवस्था निःशुल्क गर्ने गरी सरकारले निर्णय गरेको थियो। तर यो निर्णयको कार्यान्वयन फितलो देखिएको छायसको प्रमुख चुनौती भनेको पूर्वाधार र दक्ष जनशक्तिको अभाव पनि हो। नेपाल काउन्सिलमा दर्ता भएका जलनसम्बन्धी विशिष्टीकृत उपचार सेवा दिने चिकित्सकहरू (वरिष्ठ प्लास्टिक सर्जन) नेपालमा हालसम्म जम्मा २५ जना छन्। तीमध्ये पनि धेरै जना उपत्यका केन्द्रित हुँदा उपत्यका बाहिरका विरामीले विशेषज्ञ सेवा पाउन पनि समस्या छ। २५ जना विशेषज्ञ चिकित्सकहरूमा नेपालगन्जमा एक भरपूर एक विराटनगरमा एकजना र बाँकी सबै चिकित्सकहरू काठमाडौँ केन्द्रित छन्। 'उपत्यका बाहिर जलन सम्बन्धी उपचार गर्ने पूर्वाधारको मात्रै हैन जनशक्ति पनि कम छ। यसले गर्दा पनि विरामीलाई समस्या छ हुन त निश्चित तालिम दिएर जनरल सर्जरीका डाक्टर साबहरूले पनि जलनको केही हदसम्म उपचार गर्न सक्नु हुने भए पनि सरकारले यसप्रति खासै ध्यान दिएको पाइँदैन'□ प्राडा दाहालले भने।

जलनको उपचारका लागि यसअघि स्वास्थ्य मन्त्रालयले एउटा कार्यविधि नै बनाएको थियो। कार्यविधिको खाकामा तत्काल प्रदेश र संघीय अस्पतालहरूलाई जलनका विरामीलाई उपचार गर्न वार्षिक ५०/५० लाख रुपैयाँ छुट्याउने, हाल विशेष रूपमा जलनको उपचार गरिरहेको कीर्तिपुर अस्पताललाई एक करोड र त्यहाँको भौतिक संरचना बनाउन एक करोड गरी कुल लगभग ६ करोड रुपैयाँ छुट्याउने कार्यविधिमा उल्लेख थियो।

# लागूऔषधसहित दमकका दुई युवा पक्राउ

झापा(प्रस) । भारतबाट लागूऔषध ल्याउँदै गर्दा दमकका



दुईजना युवा पक्राउ परेका छन् । आइतवार साँझ ७.१५ बजे झापा गाउँपालिका १ सालमारा सीमा इलाकामा सशस्त्र प्रहरी बल नेपाल बिओपी टाँघनडुब्बाबाट सशस्त्र प्रहरी निरीक्षक प्रेमबहादुर गुरुङको कमाण्डमा खटिएको गस्ती टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेको प्र.१.०१.०१४ प ६९४० नं को स्कुटीमा सवार दमक ५ बस्ने २३ वर्षीय दिपेश ढकाल र दमक १ बस्ने २७ वर्षीय सौगात श्रेष्ठलाई ब्राउनसुगरसहित पक्राउ गरेको हो ।

शंका लागेर चेकजाँच गर्दा उनीहरुको साथबाट १ ग्राम ब्राउनसुगर , प्रयोग गरेको सिरिन्ज , नाइट्रोजन आधा पिस ट्याब्लेट बरामद भएको छ । उनीहरुलाई आवश्यक कार्वाहीको लागि इलाका प्रहरी कार्यालय कुमरखोदमा बुझाइएको छ ।


## स्वच्छ सहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समयसमयमा मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं, जथाभावी नफालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट विरुवा तथा फूलको संरक्षण गरौ,
- स्वच्छ पानी र सरसफाईमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समयसमयमा मर्मत संभार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।
- शहरलाई सफा राखौ, सुन्दर बनाऔं !

नेपाल सरकार विज्ञापन बोर्ड


# जेनजी युनाइटेडले बिर्तामोडमा प्रदर्शन गर्दै

झापा(प्रस) । विभिन्न दल र समूहमा आबद्ध भएका जेनेरेसन जेड (जेनजी) र युवालाई एकीकृत हुन आह्वान गर्दै आज बिर्तामोडमा बृहत् ऱ्याली गरिने भएको छ । जेनजीहरुले कात्तिक २४ गते बिर्तामोडमा र २५ गते दमकमा ऱ्याली गर्ने भएका हुन् । आइतवार पाँचथरको फिदिममा बृहत् ऱ्याली, आमसभा र नाटक प्रदर्शन भएको छ ।
जेनजी युनाइटेडका नामबाट शनिबार निकालिएको ऱ्यालीमा जिल्लाका आठवटै स्थानीय तहबाट आएका युवकयुवती र किशोरकिशोरी सहभागी थिए । सहभागीहरुले 'देशभरका जेनजी एक होऔं, सहिदको सपना पूरा गरौं र परिवर्तन सम्भव छ' नारा अंकित प्ले कार्ड र नेपालको राष्ट्रिय झण्डा बोकेर फिदिम बजार परिक्रमापश्चात् फिदिम माध्यमिक विद्यालयको खेल मैदानमा सभा र नाटक प्रस्तुत गरे ।
सदरमुकाम फिदिमको सिरानमा अवस्थित शिवालय मन्दिरबाट सुरु भएको ऱ्याली बजारका विभिन्न चोक परिक्रमा गरेको थियो । त्यसपश्चात् आयोजित कार्यक्रममा २०३६ सालदेखि २०८२ सम्म परिवर्तनका लागि भएका आन्दोलन, राज्यको दमन र भ्रष्टाचारको अवस्था चित्रण गर्दै 'परिवर्तन' शीर्षकको नाटक प्रदर्शन गरिएको थियो ।
ऱ्यालीमा एक हजारभन्दा धेरै जेनजी र केही अभिभावक सहभागी भएको आयोजक जेनजी युनाइटेडका संयोजक राकेश राईले जानकारी दिए । उनका अनुसार जेनजी युनाइटेडले यस अभियानलाई अब मुलुकका ७७ जिल्लामै सञ्चालन गर्ने र देश परिवर्तनका लागि आमनेपाली नागरिकसमक्ष आग्रह गर्नेछ ।भदौ २३ आन्दोलन र २४ को प्रदर्शनपश्चात् जेनजीहरुलाई विभाजित गर्ने षड्यन्त्र भइरहेकाले दल र समूहका नाममा विभक्त नभएर एकीकृत हुनुपर्ने आवश्यकता देखिएकाले यस्तो अभियान थालिएको आयोजक संस्थाकी मन्जना थुलुङले बताइन् ।

## खोरेत...

दृष्टिकोणले यो रोगमा आत्तिहाल्नु पर्ने अवस्था नरहेको तर, पशुवस्तुको उत्पादन र क्षति रोक्नका लागि किसानले ६-६ महिनामा खोरेत (फुट एन्ड माउथ डिजिज-एफएमडी) खोप लगाउन सुझाव दिए । नेपाललाई खोरेत रोग मुक्त बनाउने अभियान शुरु भएसँगै मेचीनगरले आफ्ना वडाका हरेक किसानका घर गोठमा पुगेर चौपायाहरुमा खोप लगाईदिने गरेको उपप्रमुख मीना पोख्रेल उप्रेतीको भनाई छ । नगरपालिका भित्रको चौपायालाई विभिन्न रोगबाट सुरक्षित राख्न स्थानीय सरकारले कुनै कसर नराख्ने उनको भनाई छ । खोरेत रोग (फुट एन्ड माउथ डिजिज-एफएमडी), पीपीआर स्वाईन फिवरलगायत पशुमा लाग्ने महामारी रोग नियन्त्रणका लागि नगरका प्रत्येक वडामा अहिले पशु प्राविधिक र भ्याक्सिनेटरहरुको संयुक्त रुपमा टोली बनाएर परिचालन गरिएको उपप्रमुख उप्रेतीको भनाई छ । दुग्ध उत्पादक सहकारी र पशु बिमा सहकारी संस्थाहरुको सहकार्यमा यस्ता रोगहरुबाट बचाउनका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्नुपर्नेमा उनको जोड छ । सहकारी र कुनै संघसंस्थामा आवद्ध हुन नसकेका विपन्न किसानहरुको गोठसम्म यस्ता सेवा सम्बन्धित सरोकारवाला निकायले पुऱ्याउनुपर्ने उनले बताइन् । दुग्ध उत्पादक सहकारी र पशु बिमा सहकारी संस्थाहरुले आफूहरुमा आवद्ध किसानका पशुवस्तुलाई खोरेत रोगबाट जोगाउन सक्रियता देखाउनुपर्ने उनको भनाई छ ।
सन् २०३० सम्ममा खोरेत मुक्त मुलुक घोषणा गर्ने उद्धेश्यसहित राष्ट्रिय पशु रोग खोप कार्यक्रम सञ्चालन भइरहेको बताईएको छ । 'खोरेत रोगग्रस्त पशुवस्तुहरुको उपचार र रोग देखा परेका आसपासमा रोग फैलन सक्ने सम्भाव्य क्षेत्रमा खोरेतविरुद्धको एफएमडी खोप लगाउन सुरु गरेका छौं,' पशु प्राविधिक राईले भने ।
गाई, भैंसी, बंगुर बाख्रा र भेँडामा यो रोग देखिने गरेको भएपनि गाई भैँसीमा बढी संख्यामा खोरेतको समस्या देखिने गरेको पशु चिकित्सकहरुको भनाई छ । ती पशु चौपायमा खोरेत विरुद्धको खोप लगाइने नगरपालिकाले जनाएको छ । खोरेत रोग लाग्दा पशु चौपायामा १०४ देखि १०६ डिग्रीसम्मको ज्वरो आउने, घाँसपात नखाने, झोक्राउने, गिँजा र जिब्रोमा स-साना फोका आउने, खुट्टाको खुरको काँपमासमेत फोका आउने, मुख वरिपरि घाउ आउने भएकाले ऱ्याल चुहिने, ब्याउने माउको गर्भ तुहिने समस्या देखिने, दूध दिइरहेको चौपायामा थुनेलोको समस्या देखिने जस्ता लक्षण देखापर्ने पशु चिकित्सक सत्यनारायण मण्डलले जानकारी दिए । रोग लागेमा मुखको घाउमा पोटास पानीले सफा गरिदिने वा फिटकिरी पानीले सफा गर्ने, खुरका घाउलाई पोटास पानीले धोएर औषधि प्रयोग गर्न उनले सुझाव दिए । निलोतुथोले घाउ सफा गर्ने, घाउमा अन्य जीवाणु प्रवेश गरी थप सङ्क्रमण नहोस् भन्नका लागि एन्टिबायोटिक सुई लगाउने, खोरेत देखिइरहने ठाउँमा रोकथामको लागि खोरेत विरुद्धको खोप लगाउने गर्नुपर्ने चिकित्सक मण्डलको सुझाव छ ।


# कर्णाली बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड ४, झापा

## कर्जा चुक्ता गर्ने बारेको अत्यन्त जरुरी सूचना

दोश्रो पटक प्रकाशित मिति-२०८२/०७/२४

यस संस्थाको बिभिन्न सेवाकेन्द्रहरुमा तपशिलमा उल्लेखित ऋणीहरुले व्यवसायिक तथा अन्य कर्जा शीर्षक अन्तर्गत यस संस्थाबाट लिएको ऋणको साँवा, ब्याज र हर्जना लगायत अन्य रकम समेत यस संस्था सँगको शर्त र तोकिएको भुक्तानी तालिका बमोजिम तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण सम्बन्धी शर्त बन्देज उल्लङ्घन गर्नुभएकोले पटक-पटक लिखित तथा मौखिक तर-तागेता गर्दा एवम् प्रत्यक्ष भेटघाट तथा सम्पर्क गरी ऋण चुक्ता गर्न अनुरोध गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गरी हालसम्म पनि ऋणको साँवा,ब्याज तथा हर्जना नबुझाएको हुँदा यो ३५(पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको ३५ (पैतिस) दिन भित्रमा संस्थामा सम्पर्क गरी संस्थालाई बुझाउनुपर्ने साँवा रकम र सो दिनसम्मको लाग्ने ब्याज र हर्जना समेत सम्पूर्ण रकम चुक्ता गर्न गराउनुहुन तपाई ऋणी सदस्य तथा साक्षी/जमानीकर्ता लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ ।अन्यथा सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ ले दिएको अधिकार प्रयोग गरी यस संस्थासंग गरेको लिखत/तमसुक बमोजिम ऋणी तथा ऋणीको एका संगोलमा रहेका सदस्यहरुको स्थानीयस्तरबाट पाईने सेवा सुबिधाबाट बञ्चित गराउनको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने, ऋणी तथा जमानीकर्ताको तीन पुस्ते विवरण सहकारी कर्जा सूचना केन्द्रको कालो सूची सम्बन्धी निर्देश बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा नाम समावेश गर्ने साथै धितो दिएको जग्गा लिलाम गरी असुल उपर गर्ने जस्ता कारवाही गरी लेना रकम असुल गरिने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

| क्र. सं. | ऋणीको नाम | ठेगाना | बाबु/बाजे/पति | ज.ध.को विवरण | धितोको विवरण | २०८२/७/२३ सम्मको तिर्न बाँकी रकम | सेवाकेन्द्र |
|---|---|---|---|---|---|---|---|
| १ | साबित्रा खनाल ना.प्र.नं.-९१५२१३६ झापा | कन्काई - ३ , झापा | बाबुः- नेत्र प्रसाद खनाल पतिः- खेमनाथ मिश्र | ज.ध.-भिम कु.खनाल पोखेल बाबुः- नेत्र प्र.खनाल पतिः- प्रकाश पोखेल | सुरुङ्गा-३ कि.नं.-१९५१ क्षेत्रफल-९८२.०५ ब.मि. | रु.३४,५४,५७२/३२ | सुरुङ्गा, झापा |
| २ | मनोज दहाल ना.प्र.नं.-०४३०३१/९२० झापा | कन्काई - ३ , झापा | बाबुः- नयनाथ दहाल बाजेः- लक्ष्मी प्रसाद दहाल | ज.ध.- मनोज दहाल बाबुः- नयनाथ दहाल बाजेः- लक्ष्मी प्रसाद दहाल | सुरुङ्गा-७ कि.नं.-२९६८ र २९७३ क्षेत्रफल-३०४७.६७ र २३७०.४१ ब.मि. | रु.२०,३१,६४७/३४ | सुरुङ्गा, झापा |
| ३ | पूर्ण कुमारी देवान ना.प्र.नं.-३४१७४/४७३३ ईलाम | कमल- ३, झापा | बाबुः- जय बहादुर देवान पतिः- छत्रहाङ्ग फागो | ज.ध.-छत्रहाङ्ग फागो बाबुः- हर्क प्र.फागो बाजेः- खड्क प्र.फागो | तोपगाछी-५ घ कि.नं.-४५१५ क्षेत्रफल- ६७.७३ ब.मि. | रु.२७,०९,७९४/७६ | लखनपुर , झापा |
| ४ | बेदमाया तिरुवा ना.प्र.नं.-६७४० | दमक - ७ , झापा | बाबुः- जसमान चेम्जोङ्ग पतिः- बेद कुमार तिरुवा | ज.ध.-देव कुमार तिरुवा बाबुः- छबिलाल बि.क. वाजेः-चक्रमान बि.क. | चुलाचुली-७ कि.नं.-८७४ क्षेत्रफल-१६९३.१५ ब.मि. | रु.२१,०४,०१०/७४ | लखनपुर , झापा |
| ५ | तेज बहादुर राई ना.प्र.नं.-१७७९६ झापा | कमल- ४, झापा | बाबुः- लिला बहादुर राई बाजेः- धन बहादुर राई | ज.ध.- तेज बहादुर राई बाबुः- लिला ब.राई बाजेः- धन बहादुर राई | तोपगाछी-६ क कि.नं.-३०७६ क्षेत्रफल-५९५.५८ ब.मि. | रु.१२,०६,०४३/०६ | लखनपुर , झापा |
| ६ | पुण्य प्रसाद प्रसाईं ना.प्र.नं. ०१२८१०९९ झापा | बिर्तामोड-३, झापा | बाबुः- बिष्णु प्रसाद प्रसाई बाजेः- जनक लाल प्रसाईं | ज.ध.-पुष्पा देवी प्रसाईं बाबुः- भक्ती प्र. पकुवाल पतिः- पुण्य प्रसाद प्रसाई | शिवगञ्ज-७ कि.नं.२१७३८ र २१७३६ क्षेत्रफल-५०३.७३ र ४५२.९३ ब.मि. | रु.१,८६,९५,९०३/२० | सैनिक मोड, झापा |
| ७ | बुद्धलक्ष्मी आचार्य ना.प्र.नं.-४०४१४३३३ झापा | अर्जुनधारा -२, झापा | बाबुः- डिल्ली प्रसाद ओझा पतिः-पूर्ण प्रसाद आचार्य | ज.ध.- पूर्ण प्रसाद आचार्य बाबुः- जनक लाल बाजेः- गोबिन्द | बुधबारे-१ क कि.नं. ३०८६,४५२८ र १७०८ क्षेत्रफल-६७७.२६, ९३५.४४ र १०१५.८९ ब.मि. | रु.६८,४४,७६५/७४ | खुदुनाबारी, झापा |


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# जेनजी फेरि आन्दोलित

जेनजी आन्दोलनयता पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको सरकार बनेको छ। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको झन्डै दुईतिहाइ बहुमतको बलियो सरकार मात्र ढलेको छैन, संसद् विघटन भएको छ। विगतको शासन व्यवस्था सञ्चालन गर्नेहरू अत्यन्त कमजोर अवस्थामा पुगेका छन्।

आन्दोलनका क्रममा नेपाललाई खरानी बनाउन खोज्नेहरूलाई पहिचान गरी कारबाही नगर्ने हो भने कसैले पनि भोलि आन्दोलन उठाएर निष्कर्षमा पुऱ्याउने अवस्था रहने छैन। बरु यस्तो अवस्थाले कुनै तानाशाही प्रवृत्तिलाई मलजल गर्नेछ। नेपालमा सबैले असुरक्षित गरेपछि तानाशाही चलाउन खोज्ने व्यक्तिहरू सुरक्षाको प्रत्याभूति दिँदै आउने निश्चित छ। मानिसले जिन्दगीभरिको कमाइ एकैछिनमा स्वाहा पार्न लुकेर आक्रमण गर्नेहरूको फेहरिस्त सार्वजनिक भइरहेको छ। यसकारण पनि त्यो आन्दोलनलाई बदनाम गर्न लुकेर बसेका तत्वहरूमाथि कारबाही हुनुको विकल्प छैन।

जेन–जी युवाको कुनै एउटा मात्र समूह छैन। बरु ‘जेन–जी युनाइटेड फर चेन्ज’ नामक युवा समूहले विभिन्न नाममा विभाजित अभियानलाई एकताबद्ध गर्नुपर्ने आवश्यकता महसुस गरेका छन्। यो अभियानलाई एकताबद्ध गर्न उनीहरूले सरकारसँग अभिभावकत्वको भूमिकाका निम्ति पनि आग्रह गरिरहेका छन्। वास्तवमा यस्तो काम सरकारले गरिदिने होइन, यो युवाहरू आफैंले अभियानका रूपमा लैजाने हो।

प्रमुख दलका सबैजसो नेताहरू विगतमा अहिलेको जेन–जी पुस्ताकै युवाहरूको उमेर समूहमा रहेकै बेला राजनीतिमा सक्रिय भइसकेका हुन्। अहिलेका जेन–जी युवाले पनि अब राजनीतिमा प्रवेश गरिसकेका छन्। देश हाँक्ने र राजनीतिलाई सही बाटोमा लैजान उनीहरूले आफूलाई सक्रिय बनाउँदै लैजानुको विकल्प छैन। तिनले विकल्प दिएनन् भने जसले भदौ २४ को ध्वंस गरायो, त्यसैका हातमा राजनीति जाने निश्चित छ।

हाम्रो मुलुकमा शासन व्यवस्थामा सुधारभन्दा पनि सुशासनको अभाव हो। सुशासन भइदिने हो भने जस्तोसुकै शासन व्यवस्थाले सकारात्मक प्रतिफल दिन सक्छ। तानाशाही भनिएका व्यवस्थामा पनि सुशासन दिनसक्ने असल नेता पाउँदा भिन्न परिणाम प्राप्त भएको छ। हाम्रो मुलुकमा लोकतन्त्रलाई समेत अफापसिद्ध तुल्याउने काम भएको छ। त्यो अरू कसैले गरिदिएको होइन, व्यवस्थाकै सञ्चालकले यस्तो अवस्था ल्याएका हुन्।

धेरैले पहिलेदेखि भन्दै आएका हुन्– गणतन्त्रविरुद्ध गणतन्त्रवादीबाटै खतरा छ। वास्तवमा अहिलेको व्यवस्थामा खतरा यिनै दलले ल्याएका हुन्। हाम्रो मुलुकलाई असफल बनाउन खोज्ने नयाँ नयाँ प्रणालीको खोजीभन्दा पनि सन्तुलन र नियन्त्रणको सशक्त प्रयोगयुद्ध लोकतान्त्रिक व्यवस्थाभित्रै सुशासनको खोजीतर्फ लाग्नु उचित हुन्छ।




# शिथिल पर्यटन तङ्ग्रिँदै



• तारा वाग्ले

नेपाल पर्यटन बोर्डले सन् २०२५ मा १६ लाख विदेशी पर्यटकलाई नेपाल भित्र्याउने लक्ष्य राखेको थियो । गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनमा भएको जनधनको क्षति र विध्वंसले पर्यटन क्षेत्रमा समेत आघात पाऱ्यो । आन्दोलनअघि नेपालमा प्रत्येक दिन औसतमा तीन हजार दुई सयको सङ्ख्यामा पर्यटक आउँथे । अहिले त्यो सङ्ख्या एक हजार तीन सयमा झरेको नेपाल पर्यटन बोर्डको तथ्याङ्क छ । होटल सङ्घ (हान) ले आन्दोलनबाट पर्यटन क्षेत्रले करिब २५ अर्ब रुपियाँ बराबरको प्रत्यक्ष आर्थिक क्षति बेहोरेको प्रारम्भिक अनुमान गरेको छ । रोजगारी सिर्जनामा पर्यटन क्षेत्रको योगदान १० प्रतिशतभन्दा बढी रहेको अवस्थामा भएको यो क्षतिले देशलाई आर्थिक सङ्कटतर्फ धकेल्ने चिन्ता थपिएको छ । रात गए अग्राख पलाउँछ भने झैँ पछिल्लो समय यस क्षेत्रमा केही आशाका किरण देखिएका छन् ।

आन्दोलनपछि सुस्ताएको नेपालको पर्यटन पुनः फस्टाउन थालेको छ । अहिले परि स्थिति सामान्य भइसकेको र पर्यटन, व्यापार, लगानीलगायतका आर्थिक गतिविधि पूर्ववत् सञ्चालनमा आइसकेका छन् । यस वर्षको अक्टोबर महिनामा एक लाख २८ हजार ४४३ जना पर्यटकले नेपाल भ्रमण गरेको तथ्याङ्क आएसँगै पर्यटन व्यवसायले आफ्नो लय समात्ने आशा पलाएको छ । नेपाल पर्यटन बोर्डले सार्वजनिक गरेको तथ्याङ्क अनुसार जनवरीदेखि अक्टोबरसम्मको १० महिनामा कुल नौ लाख ४३ हजार ७१६ पर्यटक नेपाल भित्रिएका छन् ।

पर्यटकीय दृष्टिले यो सिजन आकर्षक मानिने हुँदा नेपाल भ्रमणका लागि पर्यटकको आवागमन उल्लेख्य देखिएको हो । आन्दोलन लगत्तै नेपाल आउने पर्यटकको सङ्ख्यामा करिब ४० प्रतिशतले कमी आएको थियो भने होटल बुकिङ ७० प्रतिशतबाट ३० प्रतिशतमा झरेको थियो । आन्दोलनका क्रममा कुनै पनि विदेशी पर्यटकलाई लक्षित नगरिएको तथा पर्यटकको सुरक्षामा उच्च सतर्कता अपनाइएको सन्देश अन्तर्राष्ट्रियस्तरमा प्रवाह भएको कारण पर्यटन आवागमनमा थप ह्रास हुन पाएन ।

जेनजी पुस्ताले सरकारले उत्तरदायित्व, सुशासन, पारदर्शितासहितको शासन व्यवस्था र भ्रष्टाचारमुक्त नेपाल बनाउनुपर्नेमा जोड दिएका छन् । रोजगारी सिर्जना र चुस्त एवं प्रविधिमैत्री सेवा प्रवाहको अपेक्षा गरेका छन् । पर्यटन प्रवर्धनका लागि त्यसका प्राप्ति उत्तिकै जरुरी छ । वर्ल्ड ट्राभल एन्ड टुरिजम काउन्सिल (डब्ल्युटिटिसी) को विवरण अनुसार नेपालको कुल गार्हस्थ उत्पादनमा पर्यटनको योगदान करिब आठ प्रतिशत छ भने वैदेशिक मुद्रा आर्जनको दोस्रो मुख्य स्रोतका रूपमा रहेको छ । वार्षिक रूपमा तीन खर्ब रुपियाँ योगदान यस क्षेत्रलाई सहज, सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन सके मात्र यसबाट लाभ लिन सकिन्छ ।

सरकारले पर्यटन प्रवर्र्धनमा दशकौँदेखिको प्रयास जारी राखेको छ तर अपेक्षित प्रगति हात लागेको छैन । सन् २०२० मा २० लाख पर्यटक भित्र्याउने गरी सरकारले ‘नेपाल भ्रमण वर्ष २०२०’ घोषणा गरेको थियो । भ्रमण वर्ष सुरु नहुँदै विश्वमा कोरोना फैलिएर सो वर्ष मुस्किलले दुई लाख ३० हजार मात्र पर्यटक नेपाल भित्रिए । सरकारले सन् २०२५ मा १६ लाख पर्यटक भित्र्याउने लक्ष्यसहित भ्रमण वर्ष मनाइहेकोमा हालसम्म्म नौ लाख पर्यटक मात्र नेपाल भित्रिए । नेपालले सन् १९९८ मा पाँच लाख विदेशी पर्यटक भित्र्याउने लक्ष्य राखेको थियो भने सन् २०३२ सम्ममा ३५ लाख पुऱ्याउने लक्ष्य अघि सारेको छ । वार्षिक रूपमा १० लाखको हाराहारी मात्र पर्यटक नेपाल आउने गरेका छन् ।

सरकारले एक दशकमा पर्यटन क्षेत्रको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) मा १० प्रतिशत योगदान पुऱ्याउने लक्ष्य राखेको छ । पर्यटन दशकको अवधारणापत्रमा पर्यटकको बसाइ २० दिन र प्रतिपर्यटक प्रतिदिन औसत खर्च पनि एक सय २५ अमेरिकी डलर पुऱ्याउने लक्ष्य छ । आर्थिक सवेक्षण २०७८/७९ अनुसार सन् २०२१ मा पर्यटकको औसत बसाइदर १५.५ दिन र प्रतिदिन प्रतिपर्यटक खर्च ४८ डलर रहेको थियो । नेपालको पर्यटन नीति २०६५, पर्यटन ऐन २०३५ तथा विभिन्न समयमा भएका संशोधनले पर्यटनको विकास गरी जनताको आर्थिक हित कायम राख्न र नेपालमा आउने बाह्य तथा आन्तरिक पर्यटकको स्वास्थ्य, सुविधा र हितको निमित्त आवश्यक व्यवस्था गर्न प्राथमिकता दिएका छन् ।

यसै गरी अन्नपूर्ण क्षेत्र, सगरमाथा क्षेत्र, काठमाडौँ, पोखरा, चितवन, लुम्बिनी, गोरखा, त्रिशूली, इलाम, बर्दिया आदि स्थानमा पर्वतारोहण, दृश्यावलोकन, पदयात्रा, बिदा मनाउन, मनोरञ्जन, तीर्थ पर्यटन विभिन्न पर्यटकीय गतिविधि सुरु भएका छन् । हाल नेपाल विश्वमा प्राकृतिक सुन्दरता, अद्वितीय संस्कृति तथा साहसिक पर्यटनका प्राकृतिक तथा सांस्कृतिक सम्पदाका लागि महत्वपूर्ण गन्तव्यको रूपमा परिचित छ ।

विदेशी मुद्रा आर्जन गर्ने एक प्रमुख स्रोत रहेको पर्यटन नेपालको अर्थतन्त्रको एक महत्वपूर्ण आधार हो, जसले पर्यटनले गरिबी निवारण, रोजगारी सिर्जना र देशको विकासमा योगदान पुऱ्याएको छ । पर्यटन क्षेत्रको लगानी खेर जान नदिन र त्यससँग आश्रित हजारौँको रोजगारीको समेत संरक्षण गर्न सरकार तथा निजी क्षेत्रको समन्वयमा साझा प्रयास थाल्नु आवश्यक छ । यसो गरेमा नागरिकमा देश घुम्ने संस्कृतिको विकास भई देशको प्राकृतिक तथा सांस्कृतिक सम्पदा संरक्षण र समृद्ध मुलुक निर्माणको आधारशिला तयार हुन्छ ।

पर्यटनबाट तुलनात्मक रूपमा लाभ लिन नीति तथा कार्यक्रममा उल्लिखित पर्यटन प्रवर्धनका कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिनु पर्छ । विदेशस्थित कूटनीतिक नियोगले अन्तर्राष्ट्रियस्तरमा नेपाल पर्यटकीय दृष्टिले अति सुन्दर, आकर्षक, अद्भुत र अलौकिक छ भन्ने प्रचार गर्न सक्नु पर्छ । सरकारले अन्दोलन पछि खुम्चिएको पर्यटन व्यवसायमा टेवा पुऱ्याउन सक्ने खालका कार्यक्रम ल्याउनु पर्छ । नयाँ पर्यटकीय स्थलको विकास गरी व्यापक प्रचारप्रसार गर्नु पर्छ । पर्यटनसँग सम्बन्धित जनशक्ति उत्पादनका लागि तालिम, सम्पदा संरक्षण र प्रवर्धन, पर्यटन पूर्वाधार योजना तर्जुमा, अनुगमन र नियमनका साथै नयाँ गन्तव्यको खोजी र विकासलाई प्राथमिकता दिनु पर्छ । पर्यटन विकास वैज्ञानिक, सिर्जनात्मक, योजनाबद्ध, र नतिजामुखी बनाउनु पर्छ । नेपाल घुम्न आउने विदेशी पर्यटकको सुरक्षाका लागि आवास, बैङ्क, खानपान, सञ्चार, यातायात आदि सुविधाको उचित प्रबन्ध मिलाउन सक्नु पर्छ ।

# कृषिमा आमूल परिवर्तन



• वामदेव क्षेत्री (घिमिरे)

समाजवादमा उत्पादनका लागि सामूहिक अभ्यास, स्वयंसेवी समूह परिचालन गर्ने र उत्पादनमा वृद्धि गरी वितरणमा न्यायोचित बनाउन आवश्यक छ । समाजवादका लागि स्थानीयस्तरबाट आर्थिक कार्यक्रम जनतालाई सार्वभौमिकता र सांस्कृतिक विविधता र सामाजिक अभ्यासमा टेकेर उत्पादनलाई अगाडि बढाउनु पर्छ । अहिले प्रविधि पुँजी र मानवीय स्रोतको हिसाबले नेपाल उत्पादन बनाउने बाटो लिने हो भने उत्पादन बढाउन सकिने ठाउँमा छ । वितरणमा सामाजिक न्यायमा आधारित बनाएर जाने हो भने समाजवादको यात्रा तय गर्न सकिन्छ । हामीले गाउँको जल, जङ्गल, जमिन र जडीबुटीलाई उत्पादनशील बनाएर गाउँको विकासको मोडल मात्र होइन । पुँजीको विकास रोजगारको सिर्जना गरेर मात्र अगाडि बढ्नु पर्छ । नेपालका युवा उत्पादनभन्दा बाहिर छन् । उनीहरूको मनसाय विदेश पलायन हुने मात्र छ । हामीले पुँजीवाद पर्खेर होइन समुदाय र स्थानीय निकाय मिलेर पुँजीको निर्माण गर्नु पर्छ ।

हाम्रो देश भौगोलिक विविधताको देश हो । एउटै किसिमको उत्पादन गर्न सकिँदैन । उत्पादनमा पनि विविधता हुन्छ । यस विषयमा सरकार या राजनीति दलको कुनै योजना छैन । हामीले हिमाली क्षेत्रमा पशुपालन, स्याउ, जडीबुटी फलफूल राडीपाखी उत्पादन गरेर व्यापारलाई चलायमान बनाउन सकिन्छ । हिमालको नजिक तिब्बत चीन छ । त्यहाँ व्यापारको केन्द्र बनाउन सकिन्छ । हो, हामीले ग्रामीण क्षेत्रमा ठुला ठुला उत्पादन गर्न नसकौँला । जमिनको उपयोग, पानी र वनसित जोडिएको उत्पादन, बाँझो र सार्वजनिक जग्गा उपयोग, जडीबुटी उत्पादन र प्रशोधनले समाजवादको रेखा कोर्न सक्छ । पर्यटक भित्र्याउने, स्थानीयसँग सहकार्य गरेर योजना बनाउने, ज्ञान, सिप र स्थानीय प्रविधि प्रयोग गरी उत्पादन बढाउने र नयाँ मोडल बनाउने हो भने समाजवादको गोरेटो कोर्न सकिन्छ । हामीले तुलनात्मक लाभका क्षेत्र पहिचान गर्ने, मूल्य शृङ्खलाका वस्तु उत्पादन तथा जग्गाको छनोट गर्ने र उत्पादन गरेको वस्तुको बजारीकरण गर्ने हो भने हामी सफल हुन सक्छौँ ।

गाउँको उत्पादनलाई व्यवस्थापन गर्न नसक्दा गाउँका गाउँ खाली हुने क्रममा छन् । जल, जमिन र जङ्गलको उपयोगिता कम हुँदै गयो । राणाकालदेखि अहिलेसम्म उत्पादनको मोडल बनाउन सकेनौँ । उही परम्परावादी खेती प्रणाली अपनायौँ । सत्ता परिवर्तन भयो । हाम्रो उत्पादनसम्बन्धी सोच योजना परिवर्तन गर्न सकेनौँ । हामीले त यस्तो योजना बनाउनु पर्थ्यो, मानिस त्यही टिकोस्



गाउँमा नै रमाउने वातावरण बनोस् । हामीले आफैँ उत्पादन गर्ने, आफैँ खाने र अरूलाई पनि बाँच्ने नारालाई आत्मसात् गर्नुपर्ने थियो । त्यसो गर्न सकेनौँ । गाउँको उत्पादन मोडल बनाउने हो भने मानिस गाउँ फर्किन तयार छन् । जनता गाउँतिर फर्के भने या गाउँलाई उत्पादनमा रूपान्तरण गरे मात्र समाजवादको कल्पना गर्न सकिन्छ ।

स्थानीय उत्पादन घटेको छ । मानिस खेतीपाती गर्न छोडेर सहर पलायन भएका छन् । यसको दोष कसलाई दिने ? यसका दुई वटा कारण छन्– पहिलो, नेपालको कृषि स्थानीय विशेषता हावापानी, माटो, तापक्रममा आधारित छैन । अधिकांश कृषि कार्यक्रम असफल विज्ञको इसारामा चलेको पाइन्छ । कृषिका संरचनाले स्थानीय उत्पादनलाई सहजीकरण गर्न सक्दैन । स्थानीय संस्कृतिलाई पनि कृषिसँग जोड्न जरुरी छ । विभिन्न जातजातिले विविध सामग्री उत्पादन गर्छन्, त्यसलाई प्राथमिकता दिनु पर्छ । नेपाललाई समुदायको चासो अनुसार उत्पादन मैत्री बनाएर मात्र उत्पादनमा विकास गर्न सकिन्छ । मानिस खेतीपातीको उत्पादनले मात्र गाउँमा टिक्न सम्भव छैन । शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार आदिका खर्च छन् । दोस्रो, सरकारी जग्गा, गाउँ छोडेर पलायन भएका मानिसको बाँझो जग्गाका लागि सामूहिक उत्पादन प्रणालीलाई अपनाएर आयआर्जन गर्न सकिन्छ । समुदाय आपसमा मिलेर बाँझो जग्गा प्रयोग गरेर उत्पादन प्रणालीलाई अपनाएर आय आर्जन गर्न सकिन्छ । समुदाय आपसमा मिलेर बाँझो जग्गा प्रयोग गरेर उत्पादन बढाउन सकिन्छ । यसका लागि स्थानीय सरकारले जग्गाको करारनामा गरेर जग्गा धितो, लिज मिलाउन सहयोग गर्नु पर्छ ।

गाउँको जग्गा एकीकरण गर्ने र उत्पादनलाई व्यवसायीकरण अर्थात् आयआर्जनमुखी बनाउन आवश्यक छ । उत्पादन गरेको वस्तु कच्चा पदार्थभन्दा प्रशोधन, प्याकेजिङ ग्रेडिङ गरी बजारमा लैजाने हो भने त्यसको स्तर नै फरक हुन्छ । हामीले काँचो अदुवा र बेसार बिक्री गर्नुभन्दा उसको पाउडर बनाएर बिक्री गर्दा उपयोगी हुन्छ । हामीले स्थानीय उत्पादन प्रशोधन र प्रविधिसहित बजारीकरणको शृङ्खलामा जमिनलाई जोड्न सकियो भने उत्पादन वृद्धि हुन्छ । हामीले देखेका छौँ, ग्रामीण क्षेत्रको जमिन अनुउत्पादक ढङ्गले खेर गइरहेको छ । जमिनको सही ढङ्गले सदुउपयोग गर्न हामीले स्वामित्व र भूउपयोगी नीतिमा आमूल परिवर्तन गर्नु पर्छ । नीतिगत रूपमा हामीले प्राकृतिक प्रदत्त सम्पदा जस्तै, जमिन, पानी, हावा, आकाश, खनिज पदार्थ, जङ्गल आदिलाई कानुन बनाएर सुधार गर्दै राज्य र समुदायको स्वामित्वमा ल्याउनु पर्छ । व्यक्तिलाई भोग अधिकार मात्र दिएर हामीले प्राकृतिक साधन स्रोतबाट उत्पादन क्षेत्रमा वृद्धि गर्न सक्छौँ ।

सन् १९७० को दशकमा नेपालमा उत्पादिन धान, चामल, गहुँ, भारतको उत्तरप्रदेश, विहार, राजस्थान हुँदै टर्कीसम्म पुगेको इतिहास छ । १९९३ मा विराटनगरमा जुटमिलको स्थापनाले मोरङ, सुनसरी, झापा, उदयपुर, सिराहा, सप्तरीलगायतका जिल्लामा व्यापक रूपमा जुट खेतीको आरम्भ भयो । चीन सरकाको सहयोगमा वीरगन्जमा चिनी कारखानाको स्थापनाले बारा, पर्सा, सर्लाही, महोत्तरीदेखि कञ्चनपुरसम्म उखु खेतीको विस्तार भयो । जनकपुरमा चुरोट कारखानाले धनुषा, महोत्तरी, सर्लाही, सिराहामा सुर्ती खेतीको विस्तार भयो । हेटौँडाको कपडा कारखानाले बाँके, बर्दिया, कैलाली, कन्चनपुरमा कपास खेतीको विस्तार भयो । यसरी हजारौँ मानिस रोजगार र स्वरोजगार बनेको अवस्था थियो । निजीकरणको कारण अहिले १८/२० कारखाना बन्द अवस्थामा छन् । यिनीलाई पुनः सञ्चालन गर्ने र रोजगार सिर्जना गर्ने हो भने समाजवादको यात्रा तय गर्न कठिन छैन ।

नेपालको कृषिजन्य उत्पादनमा आधारित रहेर काम गर्ने हो भने आत्मनिर्भर बन्ने राम्रो सम्भावना छ । पर्यटनमा ध्यान दिँदा आन्तरिक अर्थतन्त्र बलियो बनाउन मद्दत मिल्छ । यो नेपालको विशेषता हो । हामीले श्रमलाई निर्यात गर्नुभन्दा पुँजी र प्रविधि आयात गरेर देशभित्रैको उत्पादनले खाद्यान्न आयात प्रतिस्थापना गर्न र अर्थतन्त्र निर्माण गर्न उपयुक्त हुने छ । त्यसका लागि दृढ इच्छाशक्तिको आवश्यकता छ । हाम्रो देशको दुई तिहाइ श्रमशक्ति कृषिमा अल्झेर पनि कृषिमा आत्मनिर्भर हुन सकेन । किनकि स्वभावले कृषि क्षेत्रको उत्पादकत्व गैरकृषि उद्योग र सेवा क्षेत्रमा भन्दा निकै कम छ । विकसित देशमा कृषिको श्रमशक्ति अनुपातमा १/२ प्रतिशत गैरकृषि उद्योग हामीले पनि औद्योगिक क्रान्तिको आधार पार्न सुरुमा कृषि क्षेत्रको आमूल रूपान्तरण गरेर अतिरिक्त श्रमशक्ति कृषिको मेसिनीकरण गरेर मात्र औद्योगिक क्रान्तिको आधार तयार हुन्छ ।

कृषि क्षेत्र नेपालको परम्परागत रोजगारीको क्षेत्र हो । आधुनिकीकरणको अभावमा नयाँ युवा यस क्षेत्रमा काम गर्न रुचाउँदैनन् । विद्यालय तहका शिक्षा आर्जन गरे पनि कृषि क्षेत्रमा काम गर्नु समाजमा जायज ठानिँदैन । कृषि क्षेत्रमा रहेको सामाजिक धारणामा परिवर्तन ल्याई कृषिलाई सम्मानित र आयमूलक पेसामा रूपान्तरण गर्न आवश्यक छ । अहिलेसम्म कृषि पेसामा साधारण जीविकाले पनि जीवनस्तर सुधार हुन नसक्ने हुँदा मानिस यसतर्फ आकर्षित भएको पाइँदैन । हामीले सबै क्षेत्रमा नसकिए पनि कम्तीमा नगदे बाली उत्पादनमा मात्र आत्मनिर्भरता विकास गर्ने हो भने कृषिको कम उत्पादन र उत्पादकत्वका कारण कृषि पेसाबाट पलायन भएर बिदेसिनु पर्ने बाध्यतामा कमी आउने थियो । कृषिमा पनि अझ विशेष गरी कृषिजन्य उद्योग स्थापनालाई बढावा दिँदा त्यसले आन्तरिक रूपमा रोजगारी सिर्जना गर्ने र आयात प्रतिस्थापनमा बल पुग्ने छ ।

कृषि यस्तो क्षेत्र हो, जसले स्वरोजगारी मात्र होइन बहुरोजगारीसमेत सिर्जना गर्न सक्छ । नेपालमा ठुला ठुला कृषि फर्मको अवधारणा आएकै छैनन् । जग्गामा हदबन्दी राजनीतिक नारा बनेको छ । खण्डीकरणले भूमिको उत्पादकत्व घट्दै गएको छ । ठुलो परिणाममा कुनै कृषि फार्म अगाडि बढाउन आवश्यक जग्गा अभाव भएको छ । नभएको पनि होइन, केही समययता काठमाडौँको वरपर भाडामा जग्गा लिएर गरिएको च्याउ, गोलभैँडा र अन्य मौसमी तरकारी खेतीले एउटा क्रान्ति नै ल्याएको छ । पहिले पाँच जिल्लामा मात्र चिया खेती थियो भने अहिले २२ वटा जिल्लामा विस्तार भएको छ । पहिले गुल्मी, पाल्पामा मात्र कफी खेती हुन्थ्यो अहिले ललितपुरलगायतका अन्य जिल्लामा भएको सफल व्यवसायी खेतीले देशभरि नै सम्भाव्यताको सङ्केत देखाएको छ । अहिले अलैँची, आलु, रेन्बो ट्राउट, सुन्तला, जुनार, आँप, स्याउ आदि फलफूल तथा मसला खेतीले विस्तारले किसानको जीवनस्तरमा मद्दत पुऱ्याउन थालेको छ । यसलाई व्यवसायीकरण गर्ने हो भने रोजगारी सिर्जना पनि हुन सक्छ । हामीले बङ्गलादेशमा दाल, भारतमा सुपारी, अम्रिसो, चियापत्तिलगायतका उत्पादन निकासी गरे पनि व्यापार घाटा घटाउन मद्दत मिल्ने थियो ।

# महिला गोल्डकपको उपाधिमा पुलिस र एपिएफको दाबी

बिर्तामोड(प्रस) । झापाको शिवसताक्षीस्थित दुधे रंगशालामा जारी झापा महिला गोल्डकप फुटबल प्रतियोगिताको उपाधिका लागि दुई विभागीय टोली एपिएफ फुटबल क्लब र नेपाल पुलिस क्लब आमनेसामने हुँदैछन् ।

फाइनल खेल आज सोमबार दिउँसो २:३० बजे सुरु हुनेछ । दुधे रंगशालामा आइतबार भएको प्रि-म्याच कन्फ्रेन्समा दुवै टोलीका प्रशिक्षक र कप्तानले आफ्नो टोली उपाधिका लागि पूर्ण रूपमा तयार रहेको बताएका छन् ।




एपिएफका प्रशिक्षक जिवेश पाण्डेले फाइनलमा अहिलेसम्म पराजय नभोगेको आत्मविश्वास व्यक्त गर्दै भने, "हाम्रो टोलीले अहिलेसम्म फाइनलमा हार व्यहोरेको छैन । यसपटक पनि हामी उपाधि रक्षा गर्नेछौँ ।"

त्यस्तै, कप्तान अनिता बस्नेतले थपिन्, "हाम्रो टोली सधैँ ट्रफीका लागि खेल्छ । झापाको मैदानमा हामी पुलिसलाई रोक्दै अर्को उपाधि थप्नेछौँ ।"

नेपाल पुलिस क्लबका प्रशिक्षक भोला सिलवालले भने रेखा पौडेल र पूजा राना मगरको तालमेललाई टोलीको मुख्य बल बताउँदै भने, "हाम्रो टोलीमा धेरैपछि रेखा र पूजा सँगै खेलिरहेका छन् । अन्य खेलाडीले पनि राम्रो प्रदर्शन गरिरहेका छन् । त्यसैले यसपटक हामी एपिएफलाई हराउँदै उपाधि जित्नेछौँ ।"

पुलिसकी कप्तान अमृता जैशीले भने विगतका पराजयको बदला झापामै लिने दृढता प्रकट गरिन् । "हामीले विगतमा धेरैपटक एपिएफसँग पराजय व्यहोरेका छौँ, तर यसपटक बदला लिँदै ट्रफी लिएर जानेछौँ । झापाको दर्शकका सामु पुलिसले उत्कृष्ट खेल देखाउनेछ", उनले भनिन् ।

एपिएफ क्लब महिला फुटबलमा एक सफल टोली मानिन्छ, यसअघि खेलिएका अधिकांश राष्ट्रिय प्रतियोगितामा उनीहरूले उपाधि जितेका छन् । फाइनलमा कहिल्यै हार व्यहोर्नु नपरेको इतिहासले टोलीलाई मनोवैज्ञानिक रूपमा बलियो बनाएको छ ।

त्यस्तै, नेपाल पुलिस क्लब पछिल्लो समय बलियो स्क्वाड निर्माण गर्दै आएको छ । अनुभवी रेखा पौडेल, पूजा राना मगर जस्ता खेलाडीहरूको पुनरागमनले टोलीमा नयाँ ऊर्जा थपिएको छ ।

फाइनल खेलमा झापाका फुटबलप्रेमीहरूको ठुलो भीड हुने अनुमान गरिएको छ । भोलि दिउँसो हुने फाइनलमा देशका शीर्ष महिला खेलाडीहरू एउटै मैदानमा भिड्दै गर्दा झापाको दुधे रंगशाला एक निर्णायक क्षणको साक्षी बन्नेछ ।

आयोजक समितिका अनुसार दर्शकका लागि टिकट दर सामान्यतर्फ ३०० र ५०० रुपैयाँ तथा भिआइपीतर्फ एक हजार रुपैयाँ तोकिएको छ ।

विजेता टोलीले नगद १० लाख १० हजार रुपैयाँ, उपविजेताले ५ लाख रुपैयाँ र सर्वोत्कृष्ट खेलाडीले १ लाख ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

त्यस्तै, प्रतियोगिताका उत्कृष्ट गोलकिपर, डिफेन्डर, मिडफिल्डर, फरवार्ड, उदीयमान खेलाडी, उत्कृष्ट प्रशिक्षक र उच्च गोलकर्ताले जनही २५ हजार रुपैयाँका दरले पुरस्कार पाउने छन् ।

हरेक खेलको प्लेयर अफ द म्याचलाई १५ हजार रुपैयाँ र ट्रफी प्रदान गरिनेछ ।

# पाँच सय विद्यार्थीलाई न्यानो कपडा वितरण

झापा(प्रस) । भोजपुर नगरपालिका-१२ टक्सारस्थित यशोधरा माध्यमिक विद्यालयका पाँच सय विद्यार्थीलाई न्यानो कपडा र शैक्षिक सामग्री वितरण गरिएको छ । जाडो याम सुरु हुँदै गर्दा विद्यालयका विद्यार्थीलाई सहज अध्ययन वातावरण बनाउनका लागि 'सेवक अभियान, धरान (सुनसरी)'ले उक्त सहयोग गरेको हो ।



विद्यालयमा अध्ययनरत बालबालिकाको शैक्षिक हौसला बढाउने उद्देश्यसहित सेवक अभियानलेसहयोगगरेकोविद्यालयका प्रधानाध्यापक ध्रुवराज रेग्मीले जानकारी दिए । जाडोयाम सुरु भएकाले विद्यार्थीलाई न्यानो कपडा वितरणले सहजता थपिएको उनको भनाइ छ । जाडो मौसममा धेरै विद्यार्थी उचित पोशाक अभावमा कक्षा नियमित उपस्थित हुन नसक्ने समस्या देखिँदै आएकामा पोशाक वितरणले सहयोग पुगेको उनको भनाइ छ ।

सेवक अभियान धरानले विभिन्न दुर्गम विद्यालयमा पुगेर लत्ताकपडा, शैक्षिक सामग्री र सरसफाइ सामग्री वितरण गर्ने गर्दै आएको जनाएको छ । न्यानो कपडा तथा शैक्षिक सामग्री पाएसँगै विद्यार्थी खुसी भएका छन् ।

# राष्ट्रपति पौडेलबाट 'एनटिभी वर्ल्ड' को शुभारम्भ

झापा(प्रस) । राष्ट्रपति रामचन्द्र पौडेलले सार्वजनिक सेवा प्रसारण (पिएसबी) नेपालले स्थापनाको प्रथम वार्षिकोत्वसका अवसरमा 'एनटिभी वर्ल्ड'को औपचारिक शुभारम्भ गरेका छन् ।

सिंहदरबारस्थित पिएसबी, नेपाल टेलिभिजनको परिसरमा आइतवार आयोजित समारोहमा नेपाल टेलिभिजनको अङ्ग्रेजी च्यानलका रुपमा 'एनटिभी वर्ल्ड' शुभारम्भ गरिएको हो ।

यो च्यानलले नेपाल अन्तरराष्ट्रिय जगतमा नेपाल बुझिने सामग्रीहरु समावेश गर्नेछ ।

कार्यक्रममा राष्ट्रपति पौडेलले पिएसबीको लोगो र मोबाइल एप सार्वजनिक गरे । नेपाल टेलिभिजन र रेडियो नेपाललाई समायोजन गरी रुपान्तरित पिएसबी नेपालले प्रथम वार्षिकोत्सव मनाएको हो । राष्ट्रपति पौडेलबाट २०८१ असोज २२ गते विधेयक प्रमाणीकरण भएको थियो ।

ऐनको व्यवस्थाबमोजिम प्रमाणीकरण भएको ३१ औँ दिन अर्थात् २०८१ कात्तिक २३ गतेदेखि सो कानुन कार्यान्वयनमा आएको हो ।

यो ऐन कार्यान्वयनमा आएसँगै रेडियो प्रसार सेवा विकास (समिति) गठन आदेश, २०४१ अन्तर्गत गठित रेडियो नेपाल र सञ्चार संस्थान ऐन, २०२८ अन्तर्गत स्थापित नेपाल टेलिभिजन सार्वजनिक सेवा प्रसारण संस्थामा रूपान्तरण भएको थियो ।

## जेनजी फ्रन्टलाई प्रश्न

# कोशी प्रदेशको नाम किन अस्वीकार गरेको ?

झापा(प्रस) ।जेनजी आन्दोलनपछि सक्रिय रूपमा जेनजी अगुवाहरूको अनुहार समेटेर 'नेपाल जेनजी फ्रन्ट' गठन भएपछि सातवटै प्रदेश संयोजकहरू तोकिएका छन् ।

अभियन्ता रक्षा बमको संयोजकत्वमा गठन भएको नेपाल जेनजी फ्रन्टले शनिबार प्रदेश संयोजकहरू तोक्दा ६ वटा प्रदेशको नाम लिए पनि कोशी प्रदेशको नाम भने उल्लेख भएन । बरु प्रदेश स्थापना गर्दा राखिएको प्रदेश नम्बर १ भनेर तोकिएको छ ।

प्रदेश सभाले कोशी नामकरण गरेता पनि एक समूहले किराँतको पहिचान झल्कने गरी प्रदेशको नाम राख्नुपर्ने माग गर्दै आन्दोलन गरिरहेको छ । यस्तो अवस्थामा नेपाल जेनजी फ्रन्टले कोशी प्रदेशको नाम अस्वीकार गरेको हो ।

फ्रन्टकी संयोजक रक्षा बमले स्थानीय जनताको माग र आन्दोलनरत पक्षको भावनालाई सम्बोधन नगरी गरिएको नामकरण स्वीकार्य नहुने बताइन् ।



कोशी प्रदेश नामकरणको विषयमा अहिले पनि विवाद चलिरहेको भन्दै बमले जेनजी फ्रन्ट यस विषयमा स्थानीय जनताको पक्षमा रहेको स्पष्ट पारिन् । उनले स्थानीयस्तरमा नामकरणप्रति व्यापक असन्तुष्टि रहेको उल्लेख गरिन् ।

संयोजक बमले स्थानीय बासिन्दाहरूले स्वीकार गरेको नामकै पक्षमा आफूहरू उभिने बताइन् । उनले भनिन्, 'प्रदेशको नामकरण गर्दा त्यहाँका जनताले अपनत्व महसुस गर्नुपर्छ । यदि जनताले नै अपनत्व महसुस नगर्ने नामकरण गरिए त्यसको कुनै अर्थ हुँदैन ।'

नामकरणसम्बन्धी निर्णय गर्दा स्थानीय सरोकारवाला र आन्दोलनरत पक्षहरूसँगको छलफल महत्त्वपूर्ण हुने जेनजी फ्रन्टको भनाइ छ । अहिलेको अवस्थामा 'ठोस' नाम तोक्नुभन्दा विवाद समाधानका लागि सबै पक्षसँग वार्ता र सहमति आवश्यक रहेको बमले उल्लेख गरिन् । भविष्यमा आउने जुनसुकै निर्णय पनि स्थानीय बासिन्दाहरूको मागलाई सम्बोधन गरेर आउनुपर्ने र सोही निर्णयलाई आफूहरूले स्वीकार गर्ने उनले बताइन् । 'जेनजी फ्रन्टले कोशी प्रदेशको नामकरणलाई स्थानीय जनताको भावना र अपनत्वको कसीमा हेरेको छ । स्थानीय जनताले जुन नाम मन पराउँछन्, हाम्रो पनि त्यही नाम हुन्छ,' उनले भनिन् । उनले अहिले यो विषयमा वादविवाद गर्ने बेला पनि नभएको धारणा राखिन् ।

# रास्वपामा ४० वर्षमुनिका २७ प्रतिशत युवा उम्मेदवार बन्न पाउने

झापा(प्रस) । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा ४० वर्ष मुनिका युवाहरूलाई २७ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरेको छ । चितवनको सौराहामा कात्तिक २१ र २२ गते सम्पन्न केन्द्रीय समितिको विस्तारित बैठकले युवाहरूको जनसंख्याको अनुपातमा प्रतिनिधित्व सुनिश्चित गरिएको हो ।

यस्तै विदेशबाट फर्किएका नागरिक उम्मेदवार बन्न चाहेमा १० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरेको छ । 'जेनजीको स्पिरिडको प्रतिनिधित्वलाई समानुपातिक बन्दसूचीमा समेट्दै ४० वर्षमुनिका युवाका लागि उनीहरूको जनसंख्याको अनुपातकै आधारमा २७ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिएको छ । त्यस्तै प्रदेशबाट फर्किएका नेपाली उम्मेदवार बन्न १० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिएको छ', पार्टीले आइतबार सार्वजनिक गरेको विज्ञप्तिमा भनिएको छ ।



यस्तै फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचन घोषणा भएकाले पूर्वनिधारित महाधिवेशन मिति ६ महिना पर सारेको छ ।  चार सय प्रतिनिधि सहभागी रहेको विस्तारित बैठकले ११ बुँदे निष्कर्ष निकालेको छ ।

कार्यवाहक सभापति डीपी अर्यालले राजनीतिक प्रतिवेदन,उपसभापति डा.स्वर्णिम वाग्लेले चुनावी वाचापत्रको अवधारणा, महामन्त्री कवीन्द्र बुर्लाकोटीले साङ्गठनिक प्रतिवेदन, सहमहामन्त्री विपिनकुमार आचार्यले उम्मेदवार छनोट रूपरेखा र सचिवालय सदस्य दीपक बोहराले हस्ताक्षरसम्बन्धी प्रतिवेदन पेस गरेका थिए ।

डा.तोसिमा कार्कीले पार्टी सुधार मार्गचित्र सम्बन्धी फरक मत पेस गरेकी थिइन् । केन्द्रीय सङ्गठन विभागका सचिव शङ्कर श्रेष्ठ, चितवन, झापा, रुपन्देही समितिले सुझाव पेस गरेका थिए । पाँचवटै प्रतिवेदनमा सात समूहले सुझाव दिएका थिए ।

# शिक्षक संघ संगठनमा संलग्न रहेको पाए तत्कालै कारबाही

झापा(प्रस) । शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयले विभिन्न शिक्षक संघसंगठनलाई मान्यता नदिने भएको छ। मन्त्रालयले आइतबार सूचना जारी गर्दै यसमा आबद्धता रहेको पाइएमा तत्कालै कानुनअनुसार कारबाही गर्ने चेतावनी दिएको छ।

मन्त्रालयका अनुसार मन्त्रालयको आधिकारिक इमेल, टेलिफोन, 



हट्सएप लगायत विभिन्न सामाजिक संजालमा अभिभावक, विद्यार्थी, शिक्षक, नागरिक समाज, शिक्षाविद् तथा सरोकारवालाहरूबाट श्रम ऐन, २०७४ तथा ट्रेड युनियन ऐन, २०४९ बमोजिम पेशागत हकहित र अधिकार प्राप्तिको लागि सौदाबाजी गर्न स्थापना भएका नेपाल शिक्षक महासंघ तथा नेपाल शिक्षक महासंघसँग आबद्धता लिएका पेशागत सङ्गठनहरू र विश्वविद्यालयका प्राध्यापक तथा कर्मचारीका पेशागत संघसङ्गठनहरू पेशागत कर्तव्य, नैतिक दायित्व र पेशागत आचरण विपरीत राजनीतिक गतिविधिहरूमा संलग्न भएको गुनासो छ।

उक्त कारणले शैक्षिक गुणस्तर खस्किँदै गएको भनी व्यापक जनगुनासो प्राप्त भएकाले यसमा गम्भीर ध्यानाकर्षण भएको मन्त्रालयले जनाएको छ।

'सरकारी सेवामा कार्यरत शिक्षक, प्राध्यापक तथा कर्मचारी व्यवस्थापन सम्बन्धी पेशागत ऐनहरूले कर्तव्य, नैतिक दायित्व र आचरणको प्रबन्ध गरेको सर्वविदितै छ, कुनै पनि पेशागत ऐनहरूले त्यस्तो सेवामा कार्यरत कसैलाई पनि पेशागत हकहित र अधिकार प्राप्तिको लागि सौदाबाजी गर्ने बाहेक अन्य राजनीतिक गतिविधिमा संलग्न हुने अधिकार दिएको छैन र राजनीतिक गतिविधिमा संलग्न भएको पाइएमा पदवाट बर्खास्त गर्न सकिने सम्मको कानूनी कारबाही हुने व्यवस्था छ,साथै, विभिन्न राजनीतिक दलका नियमावलीमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भातृसङ्गठन वा शुभेच्छुक संस्थाका रूपमा उल्लेख गरिएका शिक्षक, प्राध्यापक तथा कर्मचारीका विभिन्न संघसङ्गठनहरूलाई मन्त्रालयले मान्यता नदिने निर्णय गरेको जानकारी गराउँदछु,'सूचनामा उल्लेख छ।

शिक्षामन्त्री महावीर पुनले नै आफ्नो पेशागत कर्तव्य, नैतिक दायित्व, आचरण, शिक्षा क्षेत्रको संवेदनशीलता र विद्यालय वा विश्वविद्यालय शान्ति क्षेत्रको मर्म विपरीतका क्रियाकलाप गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गर्न चेतावनी दिएका छन्।

# बालेनविरुद्ध लड्ने प्रसाईंको घोषणा

झापा(प्रस) । व्यवसायी दुर्गा प्रसाईं आइतबार काठमाडौँको मनोहरा सुकुम्बासी बस्तीमा पुगेका छन्। उनले भेला भएका सुकुम्बासीहरूलाई सम्बोधन गर्दै काठमाडौँ महानगरपालिकाका मेयर बालेन शाहविरुद्ध लड्न आफूले सहयोग गर्ने बताएका छन्। बस्ती खाली गर्न महानगरले दिएको एक हप्ताको अल्टिमेटम आइतवार सकिँदै गर्दा प्रसाईं सुकुम्बासीहरूको समर्थनमा देखिएका हुन्। उनले मंसिर ७ गतेदेखि सुरु हुने आफ्नो अभियानमा सहयोग गर्न सबैलाई आह्वान गरे।

प्रसाईंले सुकुम्बासीलाई लछारपछार गर्नेको घर परिवारलाई पनि त्यस्तै गर्ने कडा चेतावनी दिए। उनले सम्पूर्ण दल र बालेनलाई आफूले



ठेगान लगाउने चेतावनीसमेत दिएका छन्।

यस क्रममा उनले बालेन शाहसँग मिलेर भिक्टर पौडेलले बब्लु गुप्तालाई मन्त्री बनाउन २ करोड रुपैयाँ खाएको आरोपसमेत लगाएका छन्।

दलहरूले सुकुम्बासीहरूलाई भोट बैंकको रूपमा मात्र प्रयोग गरेको बताउँदै प्रसाईंले आफूले भोट नमाग्ने बरु सबैलाई पक्की घर दिलाउन मद्दत गर्ने आश्वासन दिए। महानगरको अल्टिमेटम सकिएसँगै बस्ती खाली गराउने तयारी भइरहेको बेला उनको यो कदमलाई मेयर बालेन शाहविरुद्धको राजनीतिक मोर्चाबन्दीका रूपमा हेरिएको छ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।

**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष:** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडवडी भई कामकाजमा असर

**वृष:** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन:** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट:** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह:** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या:** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला:** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक:** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु:** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर:** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ:** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन:** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ